

मान्छेको सघन अस्थित्व

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९





जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



वर्ष-२१ | अंक - २१३ | २०८३ भाद्र ०१ गते सोमबार | Monday, 17 Aug. 2026 | मूल्य ७ /-


### सर्पदंशका बिरामीको चाप बढ्दै, छैन पर्याप्त औषधि

# सर्पदंश उपचार केन्द्रमा भेन्टिलेटर नहुँदा मृत्यु

पूर्वसन्देश समाचार

**दमक**/ झापाको दमकसहित विभिन्न पालिकामा सर्पको डसाइका बिरामीहरु बढेका छन् । दमकस्थित नेपाल रेडक्रस सोसाइटीको सर्पदंश उपचार सेवामा दुई साता यता ६० जनाले उपचार लिएका छन् ।

बर्षात् भएर पानी रोकिएपछि सर्प डसाइका बिरामीहरु बढ्ने र उपचारका लागि आउने बढेको रेडक्रस दमकले जनाएको छ । झापाको दमकसहित पूर्वी नेपालका विभिन्न जिल्लाबाट यहाँ उपचारका लागि आउनेगरेका छन् ।

झापामा चालू आर्थिक वर्षको साउनभरमा सर्पदंशमा परी दुईजनाले ज्यान गुमाइसकेका छन् । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार गत आर्थिक वर्ष ०८२/८३ मा सर्पदंशबाट पाँचजनाले ज्यान गुमाएका थिए । आर्थिक वर्ष ०८०/८१ मा दुई तथा ०८१/८२ मा एकजनाले ज्यान गुमाएको प्रहरी तथ्यांकमा उल्लेख छ । झापामा पाइने विभिन्न प्रजातिका सर्पमध्ये गोमन र करेत बढी विषालु छन् । दमकमा सर्पको विषयमा अध्ययन गर्न र सर्पबारे बुझ्न रेडक्रसले सर्प संग्रहालय पनि बनाएको छ । रेडक्रसका अनुसार संग्रहालयमा ४२ प्रजातिका ७८ मृत



सर्प राखिएका छन् ।

**उपचार केन्द्रमा भेन्टिलेटर नहुँदा मृत्यु**

झापा अर्जुनधारा नगरपालिका-८ का २० वर्षीय विनोद लिम्बूलाई बिहीबार राति करिब १२ बजे सुतेकै ठाउँमा विषालु सर्पले डस्यो । रातको समयमा कुन सर्पले डसेका कारण कुन सर्प थियो पत्ता लागेन । सर्पले डसेपछि उनलाई चारआलीस्थित नेपाली सेनाले समुदायसँगको सहकार्यमा सञ्चालन गरेको सर्पदंश उपचार केन्द्र लगियो । त्यहाँ पुऱ्याउँदा उनको अवस्था गम्भीर बनेको थियो । उनलाई तत्कालै एन्टी स्नेक भेनम दिइयो । तर, निरन्तर अक्सिजन घट्न थाल्यो । चारआलीसहित रेडक्रस र नेपाली सेनाले सञ्चालन गरेका सर्पदंश उपचार केन्द्रमा भेन्टिलेटरसहितको सेवा छैन । उनलाई भेन्टिलेटरमा राख्नुपर्ने भएपछि उपचार केन्द्रले बी एन्ड सी अस्पताल बिर्तामोड रेफर गऱ्यो । तर, उनले अस्पताल नपुग्दै ज्यान गुमाए । 'चारआलीको सर्पदंश उपचार केन्द्रले आइसियूमा राख्नुपर्छ भनेर बिर्तामोड पठायो । बी एन्डसी पुग्नेबित्तिकै डाक्टरले मृत घोषणा गरे,' उनका भाइ मनिराज भन्छन्, 'उपचारमा त समयमै लगेको हो । चारआलीकै सर्पदंश उपचार केन्द्रमा आइसियू भएको भए त दाइलाई बचाउन सकिन्थ्यो ।' सर्पदंश उपचार केन्द्र चारआलीका अनुसार विनोदलाई उपचारका लागि ल्याउँदा ढिला भइसकेको थियो । एन्टी स्नेक भेनम दिइसकेपछि पनि उपचार केन्द्रमा भेन्टिलेटर भएको भए उनलाई बचाउन सकिने सर्पदंश उपचार केन्द्र स्रोतले जनाएको छ । 'सर्पले डसेपछि मान्छे बोलाउन आफैँ हिँड्नुभएछ । उहाँलाई यहाँ ल्याउन ढिला भएको थियो । यहाँ आइपुग्दा स्वर नै बसिसकेको थियो । एन्टी स्नेक भेनम दिँदै गर्दा उहाँको अक्सिजन लेबल घटेपछि रेफर गऱ्यौँ । आइसियू चाहिने भएकाले रेफर गरेका हौँ,' उपचार केन्द्र स्रोतले भन्यो, 'यहीँ भेन्टिलेटर भएको भए बाँच्ने सम्भावना थियो । बिर्तामोड पुऱ्याउँदा ढिला भयो ।' झापामा चालू आर्थिक वर्षको २९ साउनसम्म सर्पदंशमा परी दुईजनाले ज्यान गुमाइसकेका छन् । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार गत आर्थिक वर्ष ०८२/८३ मा सर्पदंशबाट पाँचजनाले बाँकी 8 पेजमा

### देशभर ६५ जनाले ज्यान गुमाए

गत वैशाखयता मात्रै ६५ जनाले ज्यान गुमाएका छन् । गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यस अवधिमा ९२४ जनालाई सर्पले डसेकोमा ६५ को मृत्यु भएको हो ।

प्रत्येक वर्ष सर्पदंशका घटना भने बढिरहेको सरकारी तथ्यांकले नै देखाएको छ । अघिल्लो वर्ष १ वैशाख ०८२ देखि ३० चैतसम्म सर्पदंशबाट १०१ जनाको मृत्यु भएको छ । उक्त अवधिमा ६२९ जनालाई टोकेको थियो । त्यस्तै, १ वैशाख ०८१ देखि ३१ चैतसम्म ८४ जनालाई सर्पले टोक्दा १९ जनाको मृत्यु भएको थियो । त्यसअघि १ वैशाख ०८० देखि ३० चैतसम्म ३५ जनालाई टोकेकोमा २० जनाको ज्यान गएको सरकारी तथ्यांक छ । ०७९ मा १ वैशाखदेखि ३० चैतसम्म २४ जनालाई टोकेकोमा १९ जनाको ज्यान गएको थियो । बिरामी संख्या बढ्दै गए पनि पर्याप्त मात्रामा एन्टी स्नेक भेनम छैन । एन्टी स्नेक भेनमको मौज्दात थोरै रहेकाले एकैपटक धेरै बिरामी आए समस्या हुने गरेको छ ।

# अध्यात्ममार्फत् विश्व नवनिर्माणको अभियानमा ब्रम्हाकुमारीको योगभट्टी



**दमक**/ विश्व शान्ति, सामाजिक सद्भाव र एकताका लागि झापा र मोरङ जिल्लाका ब्रह्मकुमारी राजयोग सेवा केन्द्रका सदस्यले 'अध्यात्मद्वारा विश्वको नवनिर्माण' नारासहित संगठित योगभट्टी अभियान सुरु गरेका छन् ।

ब्रह्मकुमारी राजयोग सेवा केन्द्र दमकको आयोजनामा दमकस्थित पशुपति मन्दिरको सभाहलमा आइतबार आयोजित कार्यक्रममा करिब ३५० जनाको सहभागिता थियो । बढ्दो हिंसा, सामाजिक विद्वेष र घृणाका कारण सामाजिक तथा धार्मिक एकतामा चुनौती देखिएका बेला शान्ति, सद्भाव र एकता प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ ।

ब्रह्मकुमारीज नेपालको ६०औँ स्थापना दिवस तथा हिरक जयन्तीको अवसर पारेर सुरु गरिएको अभियानअन्तर्गत कम्तीमा पाँच वर्षसम्म हरेक महिना एकपटक संगठित योगभट्टी सञ्चालन गरिने दमक सेवा केन्द्रकी प्रमुख ब्रह्मकुमारी राधाले जानकारी दिइन् । उनका अनुसार नेपाली पात्रोअनुसार हरेक महिनाको अन्तिम शनिबार योगभट्टी सञ्चालन हुनेछ ।

अभियानको अर्को कार्यक्रम भदौ २७ गते मोरङको सिजुवामा आयोजना गरिने आयोजकले जनाएको छ । योग तथा आध्यात्मिक अभ्यासमार्फत विश्व र राष्ट्रमा शान्ति कायम गर्नुका साथै सामाजिक सद्भाव र एकता प्रवर्द्धन गर्ने उद्देश्य अभियानको रहेको आयोजकको भनाइ छ ।

कार्यक्रमका प्रमुख अतिथि आस्था कलेजका प्रमुख टेकनाथ भण्डारीले शान्ति, सद्भाव र सामाजिक बाँकी 8 पेजमा

# देउवाकै नेतृत्वमा १५ औं महाधिवेशन गर्ने निर्णय

**झापा**/ नेपाली कांग्रेसको संस्थापन इतर पक्षीय नेताहरूको राष्ट्रिय भेलाले पार्टीको आगामी १५ औं महाधिवेशन पूर्वसभापति शेरबहादुर देउवाकै नेतृत्वमा सम्पन्न गर्ने निर्णय गरेको छ । साउन २९-३१ गते सम्पन्न भेलाले पार्टीको आन्तरिक सुदृढीकरण र आगामी कार्यदिशाका सम्बन्धमा विभिन्न महत्वपूर्ण प्रश्तावहरू पारित गरेको हो ।

भेलाले १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रिय कार्यसमितिको निर्णय र आयोजनामा १५ औं महाधिवेशन सम्पन्न गर्ने र त्यसको नेतृत्व सभापति देउवाले नै गर्ने निर्णय गरेको छ ।

देउवाको नेतृत्वमा पार्टीलाई एकतावद्ध बनाई महाधिवेशन सफल पार्ने दृढता व्यक्त गर्दै महाधिवेशनसम्मका पार्टीका नियमित गतिविधिहरू सभापतिको निर्देशनमा राष्ट्रिय भेला तथा सम्मेलनका संयोजकहरूले संयोजन गर्ने तय गरिएको छ ।

राजनीतिक प्रस्तावअन्तर्गत, भेलाले वि.सं. २०३३ सालमा महामानव वीपी कोईरालाले अवलम्वन गरेको राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई वर्तमान सन्दर्भमा पनि सान्दर्भिक ठहर गरेको छ ।

मुलुकको विद्यमान जटिल परिस्थितिलाई दृष्टिगत गर्दै राष्ट्रियता र लोकतन्त्रको सुदृढीकरणका लागि अन्य लोकतान्त्रिक शक्तिहरूसँग निरन्तर संवाद र सहकार्य गर्ने नीति काँग्रेसले लिएको नेता दीपक कुइँकेलले बताए ।

बैठकका निर्णयहरु सुनाउँदै कुइँकलले भेलाले नेपालको सनातन धर्म र संस्कृतिलाई राष्ट्रिय पहिचानको अभिन्न अङ्गको रूपमा स्वीकार गरेको बताए । हिन्दु, बौद्ध, किराँत र प्राकृत लगायतका धर्मको संरक्षण गर्ने दायित्व वोध गर्दै धार्मिक स्वतन्त्रता, सामाजिक सद्भाव र सहिष्णुतालाई अक्षुण्ण राख्न पार्टी प्रतिवद्ध रहने प्रश्ताव पारित गरिएको छ । संविधानको सम्बन्धमा बाँकी 8 पेजमा

# झापाका १२० सहित प्रदेशमा ४५० सहकारी निष्क्रिय

**दमक** / कोशी प्रदेशमा ४५० वटा सहकारी संघ-संस्था निष्क्रिय रहेको पाइएको छ ।

प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालय मातहत प्रदेश सहकारी रजिष्ट्रार प्रदेशका १४ जिल्लामध्ये सबैभन्दा बढी अर्थात् १२० वटा निष्क्रिय संस्था झापा जिल्लामा छन् ।

कार्यालयले सार्वजनिक गरेको निष्क्रिय संघ-संस्थाको विवरण अनुसार, मोरङका ७३ वटा, सुनसरीका ४९, इलामका ३९, पाँचथरका २०, ताप्लेजुङका ९, धनकुटा १८, तेह्रथुम २२, भोजपुरका १७, संखुवासभाका १२, सोलुखुम्बुका ११, ओखलढुंगाका २३, खोटाङका १२ र उदयपुरका २५ वटा संस्थाको नाम सार्वजनिक गरेको हो ।

त्यसमध्ये झापा जिल्लाको सदरमुकाम नगर भद्रपुर क्षेत्रका १२ वटा सहकारी संस्था- नवप्रभात, पहिलो पाइला बहुउद्देश्यीय सहकारी संस्था, शुभ साइत, पूर्वकर्मचारी समाज, जनसेवक, पारिवारिक कृषि, ऐंचोपैंचो, कुमारी, बहुउद्देश्यीय सहकारी संघ, बागमती कृषि, शिक्षक मैत्री र भीमनगर समृद्धि बहुउद्देश्यीय सहकारी संस्थाले विवरण नबुझाएको पाइएको छ ।

यस जिल्लाभित्रका सहकारी संस्थामध्ये सबैभन्दा बढी बिर्तामोड नगरपालिकाका ३३ वटा सहकारी संस्था विवरण नबुझाउनेमा छन् । बिर्तामोडका समाजसेवी बहुउद्देश्यीय, पूर्णिमा कृषि, कामाक्ष समृद्धि बहुउद्देश्यीय, मयुर, स्वर्गिक, रोचक कृषि, न्यू जनता, रिद्धि विनायक, शुभलाभ र सिद्धार्थ बचत तथा ऋण सहकारीले विवरण बुझाएका छैनन् ।

बाँकी 8 पेजमा

# अध्यक्ष हटाउने अभियान: अराजकता : ओली



दमक । नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्र असन्तुष्टिका नाममा अध्यक्ष हटाउने अभियान चलाउनु अनुशासनहीनता र अराजकता भएको बताएका छन् । झापाको बिर्तामोडबाट आइतबार सुरू एमालेको 'मिसन पार्टी जागरण अभियान' उद्घाटन गर्दै ओलीले पार्टी पुनर्गठनको चर्चा पनि वास्तविक नभएको दाबी गरे । ओलीले पार्टीभित्र पर्याप्त अवसर पाएका र लाभ लिएका व्यक्तिमात्र असन्तुष्ट रहेको दाबी गरे । बाँकी 8 पेजमा

# भदौमा झन्डै आधा महिना बिदा

**विराटनगर**/ भदौ महिनामा लगातार सार्वजनिक, धार्मिक तथा क्षेत्रीय बिदा परेपछि यस वर्ष काम गर्ने दिन घट्ने भएको छ । भदौ ३१ दिनमध्ये शनिबार र आइतबारका नियमित बिदासहित तीज, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी तथा विभिन्न जिल्लामा हुने रथयात्रालगायतका अवसरमा बिदा परेको हो । यसका कारण सरकारी कार्यालयसँगै उद्योग-व्यवसाय र अन्य क्षेत्रमा समेत कामकाजी दिन कम हुने देखिएको छ ।

विराटनगरमा महानगरपालिका र कोशी प्रदेश सरकारले समेत विभिन्न अवसरमा स्थानीय तथा क्षेत्रीय बिदा दिने गरेका छन् । समाचारअनुसार भदौ १२ गते रक्षाबन्धन तथा १९ गते शुक्रबार श्रीकृष्ण जन्माष्टमी परेको छ भने लगातार तीन दिन बिदा पर्ने अवस्था पनि बनेको छ । भदौ २६ गते कुसे औँसी परेको र त्यस दिन पनि शुक्रबार भएकाले बिदाको क्रम थपिने देखिन्छ ।

धेरै दिन बिदा हुँदा उद्योग तथा व्यवसायको उत्पादन र नियमित काम प्रभावित हुने व्यवसायीहरूले बताएका छन् । विराटनगरका उद्योगीहरूले बिदाका कारण बाँकी 8 पेजमा

# टिपरको ठक्करबाट साइकलयात्रीको मृत्यु

**भद्रपुर**/ झापा गाउँपालिका -४ मा टिपरको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । चौधरी टोल निवासी ६० वर्षीय इसकलाल गणेशको मृत्यु भएको हो । शनिवार वेलुकी झापा गाउँपालिका ४ वडा कार्यालयनजिकै पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना.५ ख ६४९० नम्बरको टिपरले सोही दिशातर्फ साइकलमा घर जाँदै गरेका गणेशलाई पछाडिबाट ठक्कर दिएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएका गणेशलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड लगिएको थियो । चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । साइकलयात्रीलाई बाँकी 8 पेजमा

# दुई पुरुष मृत फेला

**उर्लाबारी** / मोरङमा छुट्टाछुट्टै स्थानमा दुई पुरुष मृत अवस्थामा फेला परेका छन् ।

उर्लाबारी नगरपालिका-८ सिर्जना टोलस्थित सुरेश धिमालको धानखेतमा झापा दमक नगरपालिका-१० का ६२ वर्षीय पञ्जावसिंह लिम्बू मृत अवस्थामा फेला परेका हुन् । प्रहरीका अनुसार उनी खेतमा जमेको पानीमा उतानो अवस्थामा डुबेको अवस्थामा फेला परेका थिए ।

यसैगरी, मोरङको केराबारी गाउँपालिका-९ बेलचौरीस्थित फलैंचामा अन्दाजी ७० वर्षीय घनबहादुर तामाङ मृत अवस्थामा फेला परेका छन् । उनको स्थायी ठेगाना तत्काल खुल्न नसकेको प्रहरीले जनाएको छ ।


**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

**सेवामा आवद्ध डाक्टरहरु**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## नेपाली कांग्रेसको वैधानिक संकट

नेपाली राजनीतिमा ऐतिहासिक र चार पुस्ताको राजनीतिक विरासत बोकेको दाबी गर्ने प्रमुख लोकतान्त्रिक दल नेपाली कांग्रेस अहिले आफ्नो इतिहासकै गम्भीर आन्तरिक द्वन्द्व, शक्तिसंघर्ष र वैधानिक संकटको निर्णायक मोडमा उभिएको छ । विशेष महाधिवेशनमार्फत नेतृत्वमा भएको फेरबदल र त्यसपछिको तीव्र धुवीकरणले पार्टीलाई औपचारिक विभाजनको संघारमा पुर्‍याएको छ । यो आन्तरिक कलह अब सामान्य सांगठनिक बहस वा असहमतिको दायराभन्दा माथि उठेर वैधानिक अस्तित्वको लडाइँ र अदालती फैसलाको प्रतीक्षामा केन्द्रित भएको छ, जसले समग्र मुलुकको लोकतान्त्रिक स्थायित्व र राष्ट्रिय राजनीतिमा समेत दूरगामी प्रभाव पार्ने निश्चितप्रायः देखिन्छ ।

वर्तमान संकटको विजारोपण १४औँ महाधिवेशनयताको कार्यशैली र विशेष महाधिवेशनको औचित्यमाथिको मतान्तरबाट सुरू भएको हो । विशेष महाधिवेशनबाट सभापति बनेका गगनकुमार थापा पक्षले पार्टीलाई जडताबाट मुक्त गर्न र समयानुकूल गतिशील बनाउन यो कदम अनिवार्य रहेको तर्क गरिरहँदा, पूर्वसभापति शेरबहादुर देउवा समर्थित पक्षले भने यसलाई विधि, विधान र पद्धतिविरुद्ध गरिएको अराजक सत्ताकब्जाको रुपमा परिभाषित गरेको छ । यो आधिकारिकताको लडाइँ निर्वाचन आयोग हुँदै सर्वोच्च अदालतको पुनरवलोकन चरणसम्म पुग्दा कांग्रेसको आन्तरिक विवाद न्यायिक परीक्षणको कठघरामा उभिएको छ र अदालतको फैसला नै पार्टीको आगामी वैधानिक भविष्य निर्धारण गर्ने मुख्य कडी बन्ने देखिएको छ । पूर्वसभापति देउवा समूहले काठमाडौंमा आयोजित राष्ट्रिय भेलामार्फत तत्काल महाधिवेशनको मिति नतोक्ने र सर्वोच्च अदालतको न्यायिक निरुपणलाई धैर्यपूर्वक पर्खने लचक तर रणनीतिक कदम चालेको छ ।

नेपाली कांग्रेसको यो आन्तरिक द्वन्द्वले नेपाली लोकतन्त्रको भविष्य र परिपक्वतामाथि गम्भीर प्रश्न उब्जाएको छ। सर्वोच्च अदालतको पुनरवलोकनको फैसलाले प्राविधिक रुपमा विभाजन वा एकताको छिनोफानो गरे पनि त्यसले मात्र वैचारिक घाउहरुमा मलम लगाउन सक्ने देखिँदैन । अदालती फैसलापछि पनि विजयी र पराजितको अहंकार कायम रहेमा त्यसले कांग्रेसलाई मात्र होइन, समग्र मुलुकको राजनीतिक स्थिरता र लोकतान्त्रिक संस्कृतिलाई नै क्षतविक्षत पार्नेछ । तसर्थ, सर्वोच्चको फैसला जस्तोसुकै आए पनि दलका शीर्ष नेतृत्वले व्यक्तिगत प्रतिष्ठा र महत्त्वाकांक्षाभन्दा माथि उठेर आत्मसमीक्षासहितको बृहत्तर मेलमिलापको बाटो अपनाउनु नै आजको अपरिहार्य ऐतिहासिक आवश्यकता हो ।

समयचेत

# मान्छेको सघन अस्थित्व



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

यो भाषण खालि एउटा राजनीतिको भाषण होइन, यो त भूमि, प्रकृति, पुर्खा, संस्कृति, धर्म, मृत्यु, विस्थापन तथा मानव सभ्यताको क्षणभंगुरतामाथिको चिन्तन पनि हो । मानिस पृथ्वीको मालिक होइन, मानिस स्वयं पृथ्वी र आफ्ना पुर्खाहरूसंग जोडिएको एउटा शुक्ष्म अस्थित्व मात्रै हो ।

आज म अमेरिकी इतिहासको एउटा एक जना अभियान्ताको वक्तव्य पेश गर्दैछु । यसको उद्देश्य अमेरिका देखाउनु होइन । अमेरिका घोकाउनु पनि होइन । तर जरूर नेपाली राजनीतिका खेलाडीहरूलाई देखाउनु चाहिं हो । तिनलाई पढाउनु चाहिं हो ।

प्रमुख सियाटल (करिब १७८६ - जुन ७) अमेरिकी आदिवासी (रैथाने) समुदायका एक प्रभावशाली नेता तथा सुक्वामिस र डुवामिस जनजातिका प्रमुख थिए । उनी सन् १८५४ मा प्रस्तुत गरिएको आफ्नो प्रसिद्ध 'भाषण' अथवा कतिपय सन्दर्भमा यसलाई 'पत्र' भनिएको छ, का कारण विशेष रूपमा परिचित छन् । उक्त भाषण अमेरिकी सरकारका तर्फबाट वासिङ्टन क्षेत्रका गभर्नर आइज्याक स्टिभेन्सले आदिवासीहरूको भूमि खरिद गर्न प्रस्तुत गरेको सन्धि-प्रस्तावको प्रतिक्रियाका रूपमा आएको थियो ।

उनले पश्चिमी सभ्यताको तीव्र विकासले निम्त्याउन सक्ने विनाशप्रति सचेतना दिंदै प्रकृतिको संरक्षण गर्नुपर्ने आवश्यकतामाथि जोड दिएका थिए । यही कारणले हो, प्रमुख सियाटलको भाषणले साहित्यिक, सामाजिक तथा पर्यावरणीय क्षेत्रमा आजसम्म पनि उच्च सम्मान प्राप्त गरिरहेको छ ।

भाषणको सारांश

शताब्दीयौँदेखि माथिको आकाश शान्त, स्थिर र शाश्वत जस्तै रहँदै आएको छ, तर अब त्यसमा परिवर्तनको संकेत देखिन थालेको छ । कहिल्यै नबदलिने ताराहरु पनि बदलिन सक्ने छन् । ओझेलमा पर्ने छन् ।

गभर्नर आइज्याक स्टिभेन्सको आगमनलाई मित्रता र सद्भावनाको सन्देश लिएर आएको त हो, तर दुई समुदायको अवस्थाबीच रहेको गहिरो अन्तर छ । गोरा मानिसहरु विशाल प्रेरीमा फैलिएको घाँसझैँ असंख्य छन्; तर रैथानेहरु भने भने आँधीले उजाडेको मैदानमा छरिएका केही रूखहरूझैँ थोरै मात्र बाँकी छन् । यिनीहरूको पतनप्रति गम्भीर चिन्ता । आदिवासी जनतालाई ओह्रालो लाग्दै गएको ज्वारभाटासँग जस्तै छ, जो समुद्रबाट टाढिँदै पर जान्छ तर फेरि त्यो पहिलेझैँ फर्केर कहिल्यै आउँदैन ।

तर यस विपत्तिका लागि गोरा मानिसहरूलाई मात्र दोष दिन मिल्दैन । शोकमा डुब्न मिल्दैन । रैथानेहरूको पनि आवेगपूर्ण युवा अवस्था र विगतका हिंसात्मक व्यवहारका कारण केही दोष रहेको छ । उनीहरूले आफूलाई नबदलेको कारण संकटमा परिरहेका छन् । अब रिसाएर केही हुँदेन, रैथानेहरूको दिन अस्ताउँदै गएको छ र उनीहरुमाथि रात पर्दै गएको छ ।

गोरा मानिस र रेड इन्डियन (रैथाने) दुई पृथक् जाति हुन्, जसका उत्पत्ति र नियति पनि अलग छन् । गोरा मानिसहरूको धर्म क्रोधित ईश्वरको फलामे औँलाले ढुङ्गाका पाटीमा लेखिएको थियो, ताकि उनीहरूले त्यसलाई कहिल्यै नबिर्सून् । तर रेड इन्डियनहरूको धर्म भने कुनै ढुंगामा नभई मानिसहरूको हृदयमा लेखिएको छ । त्यसैले त्यो नजोगिन सक्छ ।

दुई समुदायबीचको सबैभन्दा गहिरो भिन्नता मृतकहरुप्रतिको व्यवहारमा देखिन्छ । गोरा मानिसहरु आफ्ना पुर्खाहरूको चिहानबाट टाढा जान्छन् र कुनै पछुतो वा दुःखबिना उनीहरूलाई बिर्सिएजस्तो देखिन्छ । तर रैथानेहरूलाई आफ्नो अस्तित्व प्रदान गर्ने सुन्दर संसार कहिल्यै बिर्सन सक्दैनन् ।

आफ्ना पैतालामुनिको धुलोसमेत पवित्र छ, किनकि त्यसमा पुर्खाहरूको रगत मिसिएको छ । गोरा मानिसका मृतकहरूले पृथ्वीप्रतिको प्रेम गुमाउँछन्, तर रैथानेका मृतकहरूले पनि पृथ्वीका घुमाउरा नदीहरु, पर्वतहरु र प्राकृतिक सौन्दर्यलाई निरन्तर प्रेम गरिरहन्छन् । यहाँ भूमि केवल सम्पत्ति होइन, पुर्खाहरूको स्मृति, आत्मा र अस्तित्वको पवित्र आधार पनि हो ।

अमेरिकी सरकारले रैथानेहरूको भूमि खरिद गर्न र उनीहरूलाई बस्नका लागि आरक्षित क्षेत्र अर्थात् रिजर्भेसन उपलब्ध गराउन चाहेको थियो । त्यही भएर उनीहरूसँग स्वीकार गर्नुबाहेक धेरै विकल्प छैन । वासिङ्टनमा रहेको 'महान् पिता'ले उनीहरूलाई पुराना शत्रुहरु–हाइडा र सिम्सियन बाट सुरक्षा दिने वाचा गरेको छ । यदि उनीहरूले भूमि बेच्न अस्वीकार गरे भने पनि गोरा मानिसहरु हतियार लिएर आएर अन्ततः त्यो भूमि कब्जा गर्न सक्छन् ।

(सियाटल सन्धि स्वीकार गर्न तयार हुन्छन्, तर एउटा अत्यन्त महत्वपूर्ण सर्त राख्छन् ।)

रैथानेहरूलाई आफ्ना पुर्खाहरु, मित्रहरु र सन्तानका चिहानमा जुनसुकै समयमा पुगेर श्रद्धा व्यक्त गर्ने अधिकारबाट वञ्चित गर्न हुँदैन । यस भूमिको प्रत्येक अंश तिनीहरूका लागि पवित्र छ । प्रत्येक डाँडा, प्रत्येक उपत्यका र प्रत्येक मैदान कुनै न कुनै सुखद वा दुःखद ऐतिहासिक घटनाले पवित्र बनेको छ ।

यसरी भूमि उनका लागि केवल भौगोलिक भूभाग होइन; यो स्मृति, इतिहास, आत्मा र पुर्खाहरूसँगको सम्बन्धको जीवित प्रतीक पनि हो ।

(भाषणको अन्त्य अत्यन्त मार्मिक र भयावह भविष्यवाणीबाट हुन्छ ।)

जब अन्तिम रेड इन्डियन (रैथाने) पनि पृथ्वीबाट विलुप्त हुनेछ र उनीहरूको स्मृति केवल एउटा मिथकमा सीमित हुनेछ, त्यसपछि पनि यी किनाराहरूमा उनका जनजातिका अदृश्य मृतात्माहरु विचरण गरिरहेका हुनेछन् । गोरा मानिसहरु कहिल्यै पनि पूर्ण रूपमा एक्ला हुने छैनन् । रातको समयमा सहर र सडकहरु सुनसान देखिए पनि ती ठाउँहरु रैथाने पुर्खाहरूका फर्किएका आत्माहरूले भरिएका हुनेछन् । तिनका झिलिमिलि सहरहरु पनि रैथानेहरूका आत्माले भरिभराउ हुनेछन् ।

मृत्यु भन्ने केही छैन; केवल संसारको परिवर्तन हुन्छ । समय सधैँ कायम रहँदैन । अपरिवर्त्य पनि हुँदैन । शक्ति र सत्ता निरन्तर बदलिन्छन् ऋतु बदलिएजस्तै ।

एक जातिपछि अर्को जाति आउँछ र एक शासक पछि अर्को शासक आउँछ ।

यसरी अनिवार्य मृत्यु र परिवर्तनको साझा नियतिले अन्ततः गोरा र रैथानेहरूलाई पनि एउटै मानव परिवारका सदस्य अर्थात् भाइ-भाइ बनाउन सक्छ ।

भाषणको सारांश यत्ति नै हो ।

तर यसको गम्भीरता केवल भूमिको स्वामित्वमा मात्रै सीमित छैन । यो सत्ता र शक्तिको अस्थिरताको द्योतक पनि हो । यो संधै मेरै हो भन्ने मूर्खलाई सिकाइएको पाठ हो । कोही निरिह छ भन्दैमा उसको अस्थित्व ने छैन वा रहँदैन भन्ने होइन । त्यो झन धेरै ब्याप्त भएर जान्छ । अहिले नेपाली राजनीतिको आयाम पल्टाउने हो भने, प्रत्येक मानिसले यही कुरा बोल्न बाध्य हुनेछन् ।

सत्ता र शक्तिको उन्मादले, कमजोरहरूमाथि निरन्तर प्रहारले यो समाजलाई बस्नका लागि अझै अयोग्य बनाइरहेका छन् । यो भाषण केवल रैथानेहरूको पक्ष थिएन, यो सभ्यता कसरी सुन्दर बनाउने भन्ने कुरा पनि थियो । आज १८२ बर्ष पछि पनि उतिकै सान्दर्भिक लागेर यसको उल्लेख गरेको हुँ । किनभने अहिले एउटाले अर्कोलाई जसरी पनि सक्ने खेलमा नेपाली राजनीतिको संस्कार बनिरहेको छ र यसले समाजलाई पनि धमिल्याइरहेको छ । किनभने दिन र रात एकै समयमा रहनै सक्दैन ।

त्यसैले यो भाषण खालि एउटा राजनीतिको भाषण होइन, यो त भूमि, प्रकृति, पुर्खा, संस्कृति, धर्म, मृत्यु, विस्थापन तथा मानव सभ्यताको क्षणभंगुरतामाथिको चिन्तन पनि हो । मानिस पृथ्वीको मालिक होइन, मानिस स्वयं पृथ्वी र आफ्ना पुर्खाहरूसंग जोडिएको एउटा शुक्ष्म अस्थित्व मात्रै हो ।

# फिदिमका अधिकांश मासु पसल मापदण्डविपरीत



फिदिम/ पाँचथरको सदरमुकाम फिदिममा सञ्चालित अधिकांश मासु पसल न्यूनतम मापदण्डविपरीत रहेको पाइएको छ । नियामक निकायले शुक्रबार फिदिममा गरेको अनुगमनका क्रममा यस्तो अवस्था भेटिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथरले जनाएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथरको अगुवाइमा जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति, जिल्ला प्रहरी कार्यालय तथा पाँचथर उद्योग वाणिज्य संघका प्रतिनिधिले फिदिमका आठ वटा मासु पसलको अनुगमन गरेका थिए ।

अनुगमनका क्रममा अधिकांश पसलमा मासु सुरक्षित राख्ने व्यवस्था, सरसफाइ, मूल्यसूची तथा उपकरणको स्वच्छतामा कमजोरी देखिएको अनुगमन टोलीले जनाएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथर-ताप्लेजुङका निरीक्षक डा. रोशन दाहालका अनुसार अधिकांश पसलमा मासु राख्ने स्थानमा सिसा वा जालीको व्यवस्था नभएको, पर्याप्त सरसफाइ नगरिएको, मूल्यसूची नराखिएको तथा मासु काट्ने अचानो र औजार नियमित रूपमा सफा नगरेको पाइएको छ ।

सामाजिक सञ्जाल

# पत्रकार किशोर श्रेष्ठको गिरफ्तारीप्रति प्रचण्डको आपत्ति

पुष्पकमल दाहाल
पूर्व प्रधानमन्त्री



नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले पत्रकार तथा सम्पादक किशोर श्रेष्ठलाई गिरफ्तार गरिएको घटनाप्रति कडा आपत्ति जनाएका छन् । समाचार लेखेकै आधारमा राज्य संयन्त्रद्वारा नियन्त्रणमा लिइनु लोकतन्त्रको उपहास भएको उनको भनाइ छ ।

सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डले स्थापित मिडिया र पत्रकारमाथि कुनै निश्चित विधि र कानुनी प्रक्रिया नअपनाई धरपकड गरिएको आरोप लगाएका छन्। प्रेस स्वतन्त्रतामाथि राज्यले अंकुश लगाउन खोजेको उल्लेख गर्दै उनले गिरफ्तार गरिएका पत्रकार श्रेष्ठको तत्काल र बिनासर्त रिहाइको माग गरेका छन् ।

पत्रकार श्रेष्ठ बुधबार ललितपुरबाट पक्राउ परेका हुन् । उनीमाथि वैयक्तिक गोपनीयता हननसम्बन्धी कसुर लगाइएको छ ।

# विद्यालयको जग्गा र सनमुन प्लाजाबारे गम्भीर प्रश्न

देवराज अधिकारी



इटहरी मुख्य बजार हटियालाइनमा रहेको सनमुन प्लाजा श्री जनता माध्यमिक विद्यालयको नाममा रहेको करिब २ कट्ठा जग्गामा निर्माण भएको विवादित भवन हो । उपलब्ध सम्झौताअनुसार २०७५ चैत १९ गते सम्झौता भई २०७६ श्रावण १ गतेदेखि मासिक रू. १,०७,५०१ भाडा तिर्ने र ५ वर्षका लागि सम्झौता कायम रहने, त्यसपछि सम्झौता नवीकरण गर्नुपर्ने सर्त रहेको देखिन्छ । सम्झौतामा तत्कालीन सनमुन प्लाजाका सञ्चालकहरु गणेश कोइराला, पुष्कर थापा र लालविक्रम थापा तथा विद्यालयका तर्फबाट तत्कालीन प्रधानाध्यापक पशुपति सिग्देलले हस्ताक्षर गरेको देखिन्छ ।

तर, सम्झौता भएको लामो समय बितिसक्दा पनि दोस्रो पक्षबाट हालसम्म जम्मा ७-८ लाख रूपैयाँ मात्र भाडा बुझाइएको र बाँकी ठूलो रकम पटक(पटक ताकेता गर्दा समेत नबुझाइएको भन्ने गम्भीर प्रश्न उठेको छ । त्यस्तै, पाँच वर्षपछि सम्झौता नवीकरण गर्नुपर्ने सर्तसमेत पालना भएको नदेखिएको जनगुनासो छ ।

यदि यी विवरण र कागजात सही हुन् भने, प्रश्न केवल भाडा असुलीको मात्र होइन- सार्वजनिक विद्यालयको सम्पत्तिको संरक्षण, व्यवस्थापन र जिम्मेवारीमा कसको कमजोरी भयो? भन्ने पनि हो ।

विद्यालय प्रशासन, व्यवस्थापन समिति र स्थानीय सरकारको जिम्मेवारी सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हो । त्यसैले सम्झौता, भाडा असुली र सम्झौता नवीकरणको सम्पूर्ण विवरण सार्वजनिक गरी निष्पक्ष छानबिन र आवश्यक कानुनी प्रक्रिया अघि बढाउनुपर्छ ।

सार्वजनिक विद्यालयको सम्पत्ति कसैको व्यक्तिगत स्वार्थको विषय बन्नु हुँदैन ।

विद्यालयको सम्पत्ति जोगाऔँ, हिसाब पारदर्शी बनाऔँ ।

# इटहरी अस्पतालको विषयमा जवाफ चाहियो



बासुदेव निरौला

आदरणीय इटहरी, रामधुनी तथा सुन्दरहरैँचा क्षेत्रका सम्पूर्ण आमा-बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अनुरोध ।

बिगत करिब ३ महिनादेखि इटहरी अस्पतालमा स्वास्थ्य बीमामार्फत उपचार गर्न जाने नागरिकले आवश्यक औषधि तथा सेवा-सुविधा नपाइरहेको गुनासो आइरहेको छ । औषधि किन उपलब्ध छैन भनेर सोध्दा भुक्तानी नभएको कारण औषधि आउन नसकेको भन्ने जवाफ दिने गरिएको बताइएको छ ।

सम्बन्धित निकायमा गुनासो गर्दा "२-४ दिन पर्खनुस्" भन्ने जवाफ पाएको पनि लामो समय भइसकेको अवस्था छ ।

यदि नागरिकले स्वास्थ्य बीमाबापत नियमित योगदान गरिरहेका छन् भने उनीहरूले पाउने स्वास्थ्य सेवा र औषधि किन रोकियो? यसको स्पष्ट जवाफ सम्बन्धित निकायले दिनुपर्छ ।

यस क्षेत्रका जनप्रतिनिधि तथा सम्बन्धित जिम्मेवार पदाधिकारीहरूलाई हाम्रो प्रश्नः

३ महिनादेखि इटहरी अस्पतालमा आवश्यक औषधि तथा सेवा-सुविधा सहज रूपमा किन उपलब्ध हुन सकेन?

भुक्तानीको समस्या हो भने समस्या कहाँ हो ? समस्या समाधान गर्न अहिलेसम्म के पहल भयो ? नागरिकले फेरि कहिलेदेखि सहज रूपमा सेवा र औषधि पाउनेछन ? हामीले जनप्रतिनिधिलाई नागरिकको सेवा र सुविधा अझ सहज हुन्छ भन्ने विश्वासका साथ मत दिएका हौँ । पहिले पाइरहेका सेवा-सुविधा किन प्रभावित भए भन्ने विषयमा अब स्पष्ट जवाफ चाहिन्छ । स्वास्थ्यमन्त्री निशा मेहता, सांसद लालबिक्रम थापा, सांसद अशोक कु. चौधरी, सांसद शृष्टि भट्टराई, सांसद प्रकाश चन्द्र परियार । सम्बन्धित सबै जिम्मेवार व्यक्तिहरूसमक्ष नागरिकको एउटै मागः

इटहरी अस्पतालमा स्वास्थ्य बीमामार्फत उपचार र औषधि सहज रूपमा किन उपलब्ध हुन सकेन? जवाफ चाहियो ।

यो कुनै राजनीतिक विरोध मात्र होइन, नागरिकको स्वास्थ्य अधिकार र आधारभूत स्वास्थ्य सेवाको विषय हो ।

# मानक उपचार प्रोटोकललाई स्वास्थ्य बिमासँग आबद्ध गर्ने तयारी



दमक/ सरकारले स्वास्थ्य सेवा थप सहज, गुणस्तरीय र व्यवस्थित बनाउने उद्देश्यले उपचार प्रणालीमा सुधारको पहल थालेको छ । उपचारमा देखिँदै आएको असमानता, अनावश्यक परीक्षण, महँगा औषधीको प्रयोग तथा स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारितासम्बन्धी समस्यालाई सम्बोधन गर्न सरकारले मानक उपचार प्रोटोकललाई स्वास्थ्य बिमासँग आबद्ध गर्ने तयारी अघि बढाएको छ ।

प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार प्राडा जगदीशप्रसाद अग्रवालको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा भएको छलफलमा विभिन्न विधाका विशेषज्ञ चिकित्सक तथा स्वास्थ्य मन्त्रालयका अधिकारीहरूसँग उपचार प्रणालीलाई थप व्यवस्थित बनाउने विषयमा विस्तृत छलफल भएको छ ।

छलफलमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गत उपचारात्मक महाशााखाका निर्देशक डा. पवनजंग रायमाझीसहित बालरोग विशेषज्ञ, न्युरोलोजी, कार्डियोलोजी, हेमोफिलिया, ओरल हेल्थ, इएनटीलगायत १८ क्षेत्रका विशेषज्ञ चिकित्सक सहभागी थिए । विशेषज्ञहरूले आआफ्ना क्षेत्रमा प्रयोग भइरहेका उपचार प्रोटोकलको अवस्था, कार्यान्वयनमा देखिएका समस्या तथा सुधारका उपायबारे सुझाव दिएका छन् ।

प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार डा. अग्रवालले गोरखापत्रसँग कुरा गर्दै उपचार प्रोटोकललाई स्वास्थ्य बिमासँग आबद्ध गरेपछि बिरामीले आवश्यक उपचार सहज रूपमा प्राप्त गर्ने वातावरण बन्ने बताए । "हामी कसरी नागरिकलाई सहज तरिकाले गुणस्तरीय स्वास्थ्य सेवा दिन सकिन्छ भन्नेमा छौँ," उपचारमा एउटै प्रोटोकल लागु भएपछि बिरामीले गुणस्तरीय सेवा पाउने छन् । बिरामीको अवस्था अनुसार कुन परीक्षण र उपचार आवश्यक हो भन्ने स्पष्ट मापदण्ड बनेपछि उपचारमा अनावश्यक झन्झट कम हुने उनको भनाइ छ । उक्त प्रोटोकल स्वास्थ्य बिमासँग आबद्ध भएपछि उपचार सेवा थप सहज र व्यवस्थित हुने छ ।

विभिन्न रोग तथा स्वास्थ्य उपचारलाई व्यवस्थित गर्न हालसम्म १९ वटा उपचार प्रोटोकल तयार छन् । तीमध्ये केही स्वीकृत भएर कार्यान्वयनमा आए पनि कतिपय अझै प्रक्रियामै रहेका छन् ।

## खानपिन-जीवन शैली

# खाली पेटमा सौंफको पानी पिउँदाका फाइदा



**दमक ।** सौंफलाई आयुर्वेदमा एक प्रभावकारी औषधि मानिन्छ, जुन शरीरबाट विषाक्त पदार्थहरु हटाउन र डिटक्सिफिकेशनमा प्रभावकारी हुन्छ । पेटको ग्याँस, ब्लोटिंग, एसीडीटी र कब्जियतजस्ता समस्यालाई हटाउन सौंफले फाइदा गर्छ । बिहान खाएपछि चपाएर वा यसको पानी पिउनाले पाचन प्रणालीलाई बलियो बनाउँछ र शरीरलाई डिटक्सिफिकेसन बनाउँछ ।

**महिलाहरुको लागी लाभदायक**

महिलाको स्वास्थ्यका लागि पनि सौंफ लाभदायक हुन्छ । यसले स्तनको दूध बढाउन, महिनावारीको दुखाइ कम गर्न र हर्मोन सन्तुलन कायम राख्न मद्दत गर्छ । आयुर्वेदमा यसलाई त्रिदोषिक जडिबुटी भनिन्छ, जुन शरीर र मानसिक स्वास्थ्य दुवैको लागि राम्रो हुन्छ ।

**तौल घटाउनमा सहयोगी**

आयुर्वेदका अनुसार, सौंफले मेटाबोलिज्मलाई गति दिन्छ, भोक नियन्त्रण गर्छ र पेट फुल्ने समस्यालाई कम गर्छ ।

**आधुनिक विज्ञानको दृष्टिकोण**

वैज्ञानिक अध्ययनका अनुसार सौंफमा पाइने एन्टिअक्सिडेन्टले शरीरको अक्सिडेटिभ तनावलाई कम गर्छ, जसले गर्दा कोशिकाहरूलाई हुने क्षतिलाई रोक्छ । यसले मधुमेह, मुटु रोग र क्यान्सरजस्ता रोगको जोखिम पनि कम गर्छ । यसको अतिरिक्त यो इर्रेगुलर बाउल सिंड्रोमबाट राहत प्रदान गर्न पनि उपयोगी छ ।

**सौंफको पानी बनाउने सजिलो तरिकाः**

राती एक वा दुई चम्चा सौंफ पानीमा भिजाएर बिहान पिउनुहोस् । सौंफलाई हल्का पिस्नुहोस् र दुई कप पानीमा उमाल्नु होस् र जब आधा घट्यो, छान्नुहोस् र तातो पिउनुहोस् ।

बिहान खाली पेटमा सौंफको पानी पिउनु सबैभन्दा लाभदायक मानिन्छ किनकि यसले हाइड्रेशन बढाउँछ, पाचन आगोलाई तीव्र बनाउँछ र विषाक्त पदार्थहरूलाई बाहिर निकाल्छ ।

**सावधानी :**

गर्भावस्था, हर्मोनल असन्तुलन, एपिलेप्सी र रगत पातलो पार्ने औषधिको साथसाथै केही अवस्थाहरूमा सौंफको सेवन सावधानीपूर्वक गर्नुपर्छ । यस्तो अवस्थामा डाक्टरको सल्लाह आवश्यक छ । सौफ र अजवाइन मिसाएर खाँदा पनि धेरै स्वास्थ्य लाभ हुन्छ ।

## पुस्तक-साभार



राष्ट्रवादको आलोकमा

# राजा महेन्द्रको डायरी

✍ युवराज गौतम




### व्यवधान र बाध्यता

क्रमागत... राजा महेन्द्रले विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा गठित सरकार भंग गर्दा केही गम्भीर आरोप लगाएका थिए ।

सत्ताको दुरूपयोग गरेको, प्रशासनमा राजनीतिक हस्तक्षेप गरेर विकृत् बनाएको, देशमा शान्ति, सुरक्षा कायम गर्न असफल बनेको, स्वतन्त्रता राजमुकुट र र सम्प्रभुतालाई आघात पार्ने परराष्ट्रनीति सञ्चालन गरेको, संविधानप्रति अनास्था देखाएको, अराष्ट्रिय तत्वलाई प्रोत्साहन दिएर राष्ट्रिय तत्वलाई हतोत्साही बनाएको र अवैधानिक आर्थिक नीति अपनाएको जस्ता आरोप लगाएर सरकार भंग गरेपछि राजा महेन्द्रले आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल बनाए । त्यसमा तुलसी गिरी, विश्वबन्धु थापा, ऋषिकेश शाह, सूर्यबहादुर थापा, अनिरूद्धप्रसाद सिंह, नागेश्वरप्रसाद सिंह, खगेन्द्रजंग गुरूङ, भुवनलाल प्रधान र काजीमान कन्दङ्वा (लिम्बू) थिए ।

बबरमहलस्थित निवासमा भुवनलाल प्रधानले लेखकलाई भनेका थिए -"मन्त्रीमण्डलको पहिलो वैठकमा राजाले आफू लगायतका सबै मन्त्रीको तलब, भत्ता घटाइबक्स्यो ।" वैठकले केही महत्वपूर्ण निर्णय गर्दै मितव्ययिताको नीति लिने क्रममा तलब, भत्ता घटाएको प्रधानको धारणा थियो । मन्त्रीहरूको तलब दुई सय घटाउँदा मासिक एक हजार पाँचसय रूपियाँ भयो ।

मन्त्री हुँदा ऋषिकेश शाह नेपालमा थिएनन् । पङ्क्तिकार कान्तिपुर दैनिकमा कार्यरत हुँदा शाहसँग भेट भयो । पङ्क्तिकारकै अनुरोधमा उनले सो पत्रिकामा लेखहरु लेखें । प्रष्टवक्ता र खुला हृदयका शाहलाई राजा महेन्द्रले टेलिफोनमा 'तिमीलाई मन्त्री बनाएको छु, बधाई छ' भनेको शाहले बताए ।

'बैंसमा रसिक र रोमान्टिक हुनुहुन्थ्यो रे' भनेर सोद्धा उनले हाँस्दै भनेका थिए - "यो मौरीले धेरै वटा फूलको रस चाखेको छ ।" उनी मज्जाले हाँसे । उनको आत्मकथा 'प्रारब्ध र पुरूषार्थ' पुस्तकमा धेरै रमाइला प्रसङ्ग छन् ।

वीपी कोइरालालाई २०१७ साल पुस १ गते पक्राउ गरियो । तुलसी गिरी पाँच दिन थुनिएपछि रिहा भए । २०१७ साल पुस ९ गते राजाको संवाद सचिवालयले प्रकाशित गरेको विज्ञप्तिमा प्रजातन्त्र मास्न र जन अधिकार खोस्न कोइरालाको नेतृत्वमा गठित सरकार भंग गरिएको होइन भनिएको थियो । राजाले २०१७ पुस १२ गते आफ्नै अध्यक्षतामा नौजनाको मन्त्रीमण्डल बनाएपछि राजनीति झन् रोचक बन्यो ।

पुस २२ गते दलहरूमाथि प्रतिबन्ध लगाउँदै 'निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्था' सुरू गरे । सो व्यवस्था २०४६ साल चैत २६ गतेसम्म चल्यो । राजा महेन्द्रले २०१७ साल पुस २२ गते ल्याएका नीति-कार्यक्रम आकर्षक थिए । शिक्षितहरु पनि त्यसप्रति सकारात्मक देखिए ।

२००७ सालको क्रान्तिको सेरोफेरोमा भारतले अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरलाई कमजोर बनाउन पाँचबुँदे प्रस्ताव ल्याएपछि उत्पन्न परिस्थितिबारे राजा महेन्द्र जानकार थिए । राजा त्रिभुवनलाई गद्दीच्युत गर्न नहुने, राणा प्रधानमन्त्री र जनताका प्रतिनिधि रहेको सरकार गठन गर्नुपर्ने, राजनीतिक बन्दीहरु रिहा गर्नुपर्ने, राजनीतिक दल खोल्न स्वतन्त्रता दिनुपर्ने र बालिग मताधिकारका आधारमा निर्वाचन गरेर 'विधानसभा' गठन गर्नुपर्ने विषयमा भारतले नेपालसमक्ष प्रस्ताव राखेको कुरा २००७ पुस ६ गते भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले त्यहाँको संसद्लाई जानकारी गराए । पुस ७गते दिल्लीमा रहेका राजा त्रिभुवन र राणा सरकारका प्रतिनिधि केशरशमशेर लगायतले भारतीय प्रस्तावको विरोध गरे । हरेक कुरामा भारतले नेपालमा हस्तक्षेप गरिरहेको भन्दै राजा महेन्द्र क्रुद्ध थिए ।

## जानकारी

# महात्मा गान्धीका प्रेरक भनाईहरू

१. जहाँ प्रेम छैन त्यहाँ जीवन छैन ।
२. स्वतन्त्रता राष्ट्रको अनन्त यौवन हो ।
३. कमजोरले कहिल्यै क्षमा दिन सक्दैन । क्षमा दिनु ठूलो मान्छेको गुण हो ।
४. पुस्तक र मोतीमा यति मात्र फरक छ । मोती बाहिर चम्किन्छ अनि पुस्तक अन्तस्करणमा ।
५. तिमी यसरी सिक कि तिमी सधैंभरी बाँच्दछौ । तर तिमी यसरी बाँच कि तिम्रो मृत्यु भोली नै हुँदैछ ।
६. संसारलाई परिवर्तित भएको देख्न चाहानेले पहिला आफू परितर्न हुन सिक ।
७. यदि तिमी विश्वमा शान्ती चाहन्छौ भने आ ̗ नै बच्चाहरूबाट शुरूवात गर ।
८. तिमीले आज गरेको काममा नै तिम्रो भविष्य अडिएको हुन्छ ।
९. तैले मेरो आँखा फोडिस्, म तेरो फोड्छु भन्ने हो भने संसार अन्धो हुन्छ ।
१०. यदि सफल जीवन जिउँनुछ भने सफलताको भावनालाई त्याग्नुपर्छ ।


Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्







## स्वास्थ्य

# बीपी कोइराला क्यान्सर अस्पतालमा "बोनम्यारो" प्रत्यारोपणको तयारी



दमक/ बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले 'बोनम्यारो' (रक्तमासी) प्रत्यारोपणका लागि आवश्यक भौतिक एवं चिकित्सकीय तयारी थालेको छ । चीन सरकारले भवन निर्माण, उपकरण खरिद र चिकित्सक, नर्सलाई तालिम दिने गरी यो परियोजना अघि बढाएको हो ।

चिकित्सकका अनुसार शरीरको फ्ल्याट हड्डीभित्र हुने बोनम्यारोमा रातो रक्त कोष (आरबीसी), सेतो रक्त कोष (डब्लुबीसी) र प्लेटलेट्स बन्ने गर्छ । बोनम्यारोको रोग विशेषगरी दुई तरिकाले लाग्छ । एप्लास्टिक एनिमिया र रक्त क्यान्सर वा बोनम्यारो क्यान्सर। यी दुवै रोगले बोनम्यारोको नियमित काममा बाधा ल्याइदिन्छ र बोनम्यारोमा बन्नु पर्ने आरबीसी, डब्लुबीसी र प्लेटलेट्स बन्न पाउँदैन। यस्तो अवस्थामा बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने हुन्छ । बोनम्यारो प्रत्यारोपणमा शरीरको कुनै अङ्ग नै झिक्ने, चिरफार गर्ने हुँदैन । यो भनेको सुइबाट रगत झिक्ने वा बोनम्यारो झिक्ने र सुइबाटै राख्ने विधि हो ।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उमेश नेपालले चिनियाँ टोली केही दिन अघि दुई साता यहाँ बसेर आवश्यक पूर्वाधारका विषयमा छलफल गरेको जानकारी दिए । टोलीले भरतपुर महानगरपालिका, सहरी विकास तथा भवन निर्माण आयोजना, नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका प्राविधिकसहित बसेर सुझाव समेत लिएको थियो । उनका अनुसार यसका लागि नेपाल सरकारसँग पुनः सम्झौताका लागि आवश्यक काम अघि बढ्ने छ । अस्पतालको अन्तरंग भवनको अगाडि तीन तलाको भवन बनाइने छ । कार्यकारी निर्देशक नेपालका अनुसार सन् २०२६ मा नै काम सुरू गर्ने चिनियाँ टोलीको तयारी छ ।

## मनोरञ्जन

# गौरादहमा तीज गीत छायांकन



गौरादह/ झापाको गौरादहलाई कार्यक्षेत्र बनाएर कला तथा संस्कृतिको संरक्षणसँगै जनचेतनामूलक सन्देश प्रवाह गर्दै आएको दर्पण कला संसारले २०८३ सालको तीजलाई लक्षित गरी निर्माण गरेको तीज गीतको छायांकन गरेको छ ।

स्थानीय सांस्कृतिक तथा पौराणिक महत्व बोकेका विषयवस्तुका साथै लागूऔषधविरुद्धको जनचेतनामूलक सन्देश कलामार्फत प्रस्तुत गर्दै आएको संस्थाले यसपटक स्थानीय महिला कलाकारलाई प्राथमिकता दिएर तीज गीत निर्माण गरेको हो ।


गौरादह नगरपालिका-१ स्थित मोक्षेश्वर शिवालय मन्दिरको प्राङ्गणमा विशेष कार्यक्रम आयोजना गरी गीतको शुभमुहूर्त गरिएको थियो । कार्यक्रममा गौरादह नगरपालिकाका नगर प्रवक्ता तथा वडा नं। १ का वडाध्यक्ष नगेन्द्र भण्डारीको प्रमुख आतिथ्यता रहेको थियो भने गौरादह उद्योग वाणिज्य संघका अध्यक्ष ईश्वर खत्री विशिष्ट अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा गोपेकृष्ण गंगाघाटका अध्यक्ष टंक कार्की, मोक्षेश्वर शिवालय मन्दिरका अध्यक्ष मेखबहादुर बिष्ट, संस्थाका सल्लाहकार समितिका सहसंयोजक टेकबहादुर कार्की र अध्यक्ष प्रेमलावती लगायतको उपस्थिति रहेको थियो ।

दर्पण कला संसारको ब्यानरमा निर्माण भएको गीतको रचना तथा निर्देशन हरि बस्नेत 'डिके'ले गरेका छन् भने गीतमा स्थानीय स्तरमै पहिलोपटक गायिकाका रूपमा डेब्यु गरेकी छन् । यस्तै, गायिका दीपा अधिकारीको स्वर रहेको छ । वरिष्ठ संगीतकार अशोक थापाको संगीत रहेको गीतका निर्माता भुवन खड्का रहेका छन् ।

गीतको सुटिङ व्यवस्थापनमा युवराज खड्का, छायांकनमा जीवन थापा मगर, सहायक छायांकन उज्ज्वल भण्डारीले गरेका छन् । गीतको सम्पादन क्रिएटिभ स्टुडियोका मुहारसिंह थापा मगरले गर्ने निर्माण पक्षले जनाएको छ । शृंगारतर्फ पूर्वका वरिष्ठ मेकअप आर्टिस्ट सुमन मगरातीको छ । सुटिङका क्रममा कलाकार व्यवस्थापनको जिम्मेवारी नारायणचन्द्र राजवंशीले सम्हालेका छन् ।

भिडियोमा स्थानीय कलाकारहरु गंगा भट्टराई खड्का, इसु अधिकारी, रिंकु मण्डल, रश्मिता थापा, पूजा गौतम, कुमारी बस्नेत, मञ्जु पाठक, निर्मला रिमाल, दीपा अधिकारी र लक्ष्मी चिमरियालगायतको अभिनय रहेको छ ।

निर्माण टोलीका अनुसार तीज गीतको भिडियो भदौको पहिलो सातामा युट्युबमार्फत सार्वजनिक गरिनेछ ।




आज मिति
२०८३ साल
भदौ ०१ गते
सोमबार
17 Aug. 2026
तिथि: पञ्चमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | नयाँ काममा सफलता मिल्नेछ । आर्थिक लाभसँगै उत्साह बढ्नेछ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । परिवारमा सुखद वातावरण बन्नेछ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | व्यवसायमा नयाँ अवसर फेला पर्नेछ । साथीभाइबाट आवश्यक सहयोग मिल्नेछ |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | आम्दानी बढ्ने सम्भावना । स्वास्थ्यमा भने ध्यान दिनुहोला । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | काममा जिम्मेवारी थपिन सक्छ । प्रतिष्ठा र आत्मविश्वास बढ्नेछ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अधुरा काम पूरा हुनेछन् आज । नयाँ योजनाले उत्साह जगाउनेछ । |
| तुला | | सम्बन्धमा आत्मीयता बढ्नेछ । आर्थिक कारोबारमा सर्तकता । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | महत्वपूर्ण निर्णय लिनुपर्ने हुनसक्छ । मेहनतले अपेक्षित सफलता दिलाउनेछ |
| धनु | य यो भा भी भ धा फा ढ भे | यात्राको अवसर मिल्न सक्छ आज । व्यवसायमा लाभको संकेत देखिन्छ । |
| मकर | | कार्यक्षेत्रमा प्रगति हुनेछ । आर्थिक पक्ष क्रमशः बलियो बन्नेछ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | नयाँ सम्पर्कले फाइदा दिलाउनेछ । रचनात्मक काममा सफलता मिल्नेछ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | परिवारबाट राम्रो साथ मिल्नेछ । मनमा शान्ति र उत्साह बढ्नेछ । |

# रोल्पामा हप्ता नपुग्दै पहिरोले १८ को मृत्यु, जाजरकोटमा १० घाइते



विराटनगर – अविरल वर्षासँगै आएको पहिरोले रोल्पामा पाँच दिनमै १८ जनाको ज्यान गएको छ भने जाजरकोटमा पहिरोमा परी १० जना घाइते भएका छन् । जाजरकोटमा तीन जना सम्पर्कविहीन छन् । पहिरोका कारण दुवै जिल्लाका विभिन्न बस्तीमा घर तथा संरचनामा क्षति पुगेको छ भने उद्धार तथा खोजी कार्य जारी छ ।

रोल्पाको लुङ्ग्री गाउँपालिका–५ धैरेनीमा मंगलबार राति पहिरोले घर पुरिँदा ७२ वर्षीया अम्मी गुरूङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ । घरमा सुतिरहेको अवस्थामा घरमाथिबाट पहिरो खसेर पुरिएकी गुरूङको शव फेला परेको प्रहरीले जनाएको छ ।

यसअघि बुधबार थबाङ गाउँपालिकामा पहिरोले बस्ती नै बगाउँदा १३ जनाको मृत्यु भएको थियो । उक्त घटनामा एक जना अझै बेपत्ता छन् भने दुई जना घाइतेको बुटवलमा उपचार भइरहेको छ । बिहीबार सुनछहरी गाउँपालिका–२ फलबाङ र गिट्ठेमा पहिरोले घर पुरिँदा चार जनाको मृत्यु भएको थियो ।

लगातारको वर्षाका कारण रोल्पाका विभिन्न स्थानमा पहिरो जाने क्रम नरोकिएको प्रहरीले जनाएको छ । पहाडी भूभागमा लगातार वर्षा भइरहेकाले थप क्षतिको जोखिमसमेत रहेको छ ।

उता जाजरकोटको भेरी नगरपालिका–२ रिसाङ्मा अविरल वर्षापछि आएको पहिरोले घर तथा टहरा भत्काउँदा १० जना घाइते भएका छन् । पहिरोमा परी तीन जना सम्पर्कविहीन भएपछि उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

पहिरोपछि उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीसहित ५० जनाको टोली परिचालन गरिएको छ । पहिरोमा परी घाइते भएका ६० वर्षीय रामबहादुर शाही, ५२ वर्षीय केदार कार्कीलगायतलाई थप उपचारका लागि नेपालगन्ज रिफर गरिएको छ । अन्य घाइतेको जाजरकोट जिल्ला अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

पहिरोका कारण भेरी नगरपालिका–३ स्यालाका पूर्णबहादुर विकको ढुंगामाटोले बनेको दुईतले कच्ची घर पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । घरमा रहेका पाँच जना आफन्तको घरमा आश्रय लिएर बसेका छन् । सोही स्थानका भैरवी केसीका दुईवटा टिनका अस्थायी टहरा पनि पूर्ण रूपमा क्षति भएका छन् ।

वर्षा जारी रहेकाले पहाडी जिल्लाका जोखिमयुक्त बस्तीमा थप पहिरोको सम्भावना रहेको छ । स्थानीय प्रशासनले जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा रहन आग्रह गर्दै खोज, उद्धार तथा क्षतिको विवरण संकलनलाई प्राथमिकता दिएको जनाएको छ ।

# भारी वर्षाले जापानमा नौ जनाको मृत्यु

**एजेन्सी/** पूर्वी जापानमा परेको भारी वर्षाका कारण नौ जनाको मृत्यु भएको सार्वजनिक प्रसारक एनएचकेले आइतबार जनाएको छ । अभूतपूर्व वर्षाले एक हजारभन्दा बढी घर डुबानमा परेका छन् भने सडक तथा रेल सेवा प्रभावित भएका छन् ।

बिहीबार रातिदेखि सुरु भएको मुसलधारे वर्षाले पहिरोको जोखिम बढाउनुका साथै विद्युत् आपूर्ति अवरुद्ध भएको थियो । मौसमविद्हरूले पहिलोपटक चिबा प्रिफेक्चरका लागि उच्च तहको भारी वर्षाको चेतावनी जारी गरेका थिए ।

चिबाको एक मौसम मापन केन्द्रले २४ घण्टामा ३० सेन्टिमिटर अर्थात् करिब १२ इन्च वर्षा मापन गरेको थियो । यो विगत ६० वर्षयताकै अगस्ट महिनाको सबैभन्दा ठूलो वर्षा भएको जनाइएको छ । भूमि मन्त्रालयका अनुसार शुक्रबार बिहानसम्म चिबा सहरमा सामान्यतया पूरै अगस्त महिनामा पर्ने औसत वर्षाभन्दा तीन गुणा बढी वर्षा भइसकेको थियो ।

एनएचकेका अनुसार वर्षाका कारण आइतबार बिहानसम्म नौ जनाको मृत्यु भएको छ । शनिबार साँझसम्म चिबाको विपद् व्यवस्थापन कार्यालयले आठ जनाको मृत्यु भएको पुष्टि गरेको थियो । मृतकमध्ये केही डुबानमा परेका सवारीसाधनभित्र फेला परेका थिए भने केही डुबानग्रस्त सडकमा मृत अवस्थामा भेटिएका थिए । चिबा प्रिफेक्चरको पछिल्लो विवरणअनुसार ७० भन्दा बढी घरमा आंशिक क्षति पुगेको छ । एक हजारभन्दा बढी घर डुबानमा परेका छन् । तीमध्ये करिब ६०० घरको भुइँको सतहभन्दा माथिसम्म पानी पसेको छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार करिब एक हजार २०० सवारीसाधन सडकमा अलपत्र परेका छन् । अधिकारीहरूले ती सवारीसाधन टो तथा ज्याकको प्रयोग गरी हटाउने काम गरिरहेका छन् । जापानको मौसम विज्ञान विभागका एक अधिकारीले बिहीबार पत्रकार सम्मेलनमा चिबामा 'अभूतपूर्व स्तरको भारी वर्षा' हुने चेतावनी दिएका थिए । वैज्ञानिकहरूका अनुसार मानवीय गतिविधिका कारण भइरहेको जलवायु परिवर्तनले चरम मौसमी घटनालाई अझ बारम्बार, लामो समयसम्म र तीव्र बनाउँदै लगेको छ ।



*दमकमा सडक भत्काइँदै : निर्माणाधिन एशियन हाइवे परियोजना अन्तर्गत निर्माण कम्पनीले दमकमा सडकको पूर्वाधारको काम शुरु गर्दै । निर्माणको जिम्मा पाएको कम्पनीले सडकको दुवैतर्फको नाला मध्ये अहिले राजमार्ग उत्तर क्षेत्रमा संरचना बनाउन थालेको हो ।*

## खेलकुद

# दोस्रो झापा मिडिया कप हुने

**बिर्तामोड/** बुद्धशान्ति प्रेस क्लब झापाले बडादसैंको अवसरमा पत्रकारहरूबीच सद्भाव बढाउने उद्देश्यले दोस्रो संस्करणको झापा मिडिया कप-२०८३ को आयोजना गर्ने भएको छ । क्लबको कार्यसमितिको बैठकले यही असोज २४ र २५ गते बुधबारेस्थित खेल मैदानमा गर्ने निर्णय गरेको संस्थाका अध्यक्ष तीर्थ तिम्सिनाले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा झापामा रहेका पालिकास्तरका प्रेस क्लबहरुको टिम सहभागी रहने छन् ।



प्रतियोगिता सम्पन्न गर्न क्लबका उपाध्यक्ष नारायण अर्याललाई संयोजक तोकिएको छ । उनका अनुसार अघिल्लो संस्करणभन्दा यस संस्करणमा पुरस्कार राशि वृद्धि गरिनेछ । पहिलो संस्करणमा विजेताको पुरस्कार नगद २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र रहेको थियो । त्यस्तै, उपविजेताको पुरस्कार १५ हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र रहेको थियो भने बुद्धशान्ति वडा नम्बर १ मुख्य प्रायोजक रहेको थियो ।

प्रतियोगिता सम्पन्न गर्न करिब ३ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रेस क्लब बुद्धशान्तिका सचिव रोशन भट्टराईले जानकारी दिए । त्यस्तै, बैठकले नयाँ सदस्यता खुलाउने निर्णय समेत गरेको छ ।

**झापाका......**त्यसैगरी, सहयोगी महिला कृषि, संघीय, गुरु कल्याण, शुभकामना महिला, तरकारी तथा फलफूल सहकारी, जिल्ला जडिबुटी सहकारी संघ, एक्सिस, प्रगतिनगर, सम्पन्न, कन्काई विद्यार्थी, व्यापारी कल्याण, भिजन कृषि, हाम्रो भेटेनरी सेवा, देवकोटा लघु उद्यम कृषि, गरीबी न्यूनीकरण, अमूल्य आवास उपभोक्ता, शिखर, देउराली, त्रिनेत्र बहुउद्देश्यीय, उत्तरदायित्व, माँ माहेश्वरी, रोलू सहकारी संस्था र बिर्तामोड बचत तथा ऋण पनि निष्क्रिय सूचीमा परेका छन् ।

त्यसैगरी, हल्दिबारी गाउँपालिकाका ३ वटा (मित्रता कृषि, जनज्योति र उत्कृष्ट बचत तथा ऋण), कचनकवल गाउँपालिकाका ३ वटा (संगति कृषि, धरधरे समृद्धि बहुउद्देश्यीय र उत्तरसर माछा उत्पादन), बाह्रदशी गाउँपालिकाका ४ वटा, अर्जुनधारा नगरपालिकाका ७ वटा, कन्काई नगरपालिकाका ५ वटा रहेका छन् ।

यस्तै, बुद्धशान्ति गाउँपालिकाका १२ वटा, मेचीनगर नगरपालिकाका ९ वटा, शिवसताक्षी नगरपालिकाका २ वटा, कमल गाउँपालिकाका ११ वटा, दमक नगरपालिकाका ८ वटा, गौरादह नगरपालिकाका ८ वटा र गौरीगंज गाउँपालिकाका ३ वटा सहकारी संस्था विवरण नबुझाउने सूचीमा छन् । नियमित रूपमा वार्षिक विवरण, लेखापरीक्षण प्रतिवेदन र साधारणसभाको विवरण नबुझाउने यी सहकारी संस्थाहरूमाथि अब कानूनी कारवाहीको प्रक्रिया अघि बढाइने रजिष्ट्रारको कार्यालयले जनाएको छ ।

**लागुऔषधसहित....** एक सय ग्रामसहित १८ वर्षीय किशोर र कानेपोखरी गाउँपालिका-६ नर्सरी डाँडाबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ दुई ग्राम पाँच सय मिलिग्रामसहित २४ वर्षीय निमेस घिमिरे पक्राउ परेका छन् । सुनसरीको इटहरी-१० शिवनारायण टोलबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ पाँच ग्राम आठ सय ५० मिलिग्रामसहित मोहन गुरुङसहित तीन जना पक्राउ परेका छन् ।

बर्दियाको बढैयाताल-२ बाट खैरो हेरोइन करिब तीन सय ४९ ग्राम तीन सय ६० मिलिग्रामसहित ५२ वर्षीय दिवे सुनार र धनुषाको विदेह-८ बफैबाट ३९ ग्राम तीन सय ६० मिलिग्रामसहित २८ वर्षीय उमेश मण्डल पक्राउ परेका छन् । यसैगरी, ललितपुरमा दुई घटनामा तीन जना पक्राउ परेका छन् । ललितपुर महानगरपालिका-२९ हरिसिद्धी गुमथचोकबाट ट्रामाडोल ६० ट्याब्लेट र पोलेन चार ग्रामसहित सुरज तामाङसहित दुई जना तथा महालक्ष्मी-३ इमाडोलबाट टापेन्टाडोल सात सय १० र प्रेगाब्लिन २४ ट्याब्लेटसहित २९ वर्षीय खगेन्द्रबहादुर राउत पक्राउ परेका छन् । कैलालीको धनगढी-८ बाट ब्राउनसुगर जस्तो देखिने पदार्थ एक ग्राम एक सय ३० मिलिग्रामसहित क्रिस बमसहित चार जना, तनहुँको व्यास-९ माझफाँटबाट गाँजा करिब एक किलो पाँच सय ५० ग्रामसहित मनोज थापासहित दुई जना र उदयपुरको कटारी-३ बाट टापेन्टाडोल ६१ ट्याब्लेटसहित सलम खानसहित दुई जना पक्राउ परेका हुन् । उनीहरूलाई गत शुक्रबार र शनिबार पक्राउ गरिएको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**ओली....**'पाएका असन्तुष्ट छन्, खाएका असन्तुष्ट छन्, पर्याप्त अवसर लिनेहरु असन्तुष्ट छन्,' उनले भने । केही असन्तुष्टले निर्वाचनमा पार्टीलाई मत नदिएको र अवसर नपाएकाले भने मत दिएको उनको दाबी थियो ।

अध्यक्ष हटाउन सामाजिक सञ्जालमा स्ट्याटस लेख्ने वा हस्ताक्षर अभियान चलाउने विषय पार्टीमा स्वीकार्य नहुने ओलीले बताए । त्यस्तो गतिविधिलाई उनले अराजकताको संज्ञा दिए ।

पार्टी पुनर्गठनको विषयलाई पनि ओलीले अस्वीकार गर्दै एमालेको इतिहासमा विगतमा भएका पुनर्गठनको प्रसंग सुनाए । उनका अनुसार २०१९ सालमा पहिलो, २०२८ सालमा दोस्रो र २०७७/७८ मा आˆनै नेतृत्वमा तेस्रो पुनर्गठन भएको थियो ।

उनले विगतमा आफूलाई पार्टीबाट हटाउने प्रयास भए पनि एमालेलाई पुनः बलियो बनाएको दाबी गरे । पार्टी एकतापछि एमाले झन्डै दुईतिहाइको शक्तिमा पुगेको र घुसपैठ तथा कुण्ठाग्रस्त प्रवृत्तिका कारण पार्टी विभाजन भएको उनको भनाइ थियो ।

ओलीले एमालेमा देशको विविधता प्रतिबिम्बित हुने दाबी गर्दै जातजाति, भाषा र भूगोलका साथै नयाँदेखि पाका पुस्तासम्मको प्रतिनिधित्व रहेको बताए । एमालेले महिला राष्ट्रपति, प्रधानन्यायाधीश र मुख्यमन्त्री बनाएको उल्लेख गर्दै उनले पार्टी पुनर्गठनभन्दा कमिटी वा जनवर्गीय संगठनको पुनर्संरचनाको विषय हुनसक्ने बताए ।

## स्वास्थ्य बीमाको ३ अर्ब ५६ करोड भुक्तानी

**दमक/** स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत विभिन्न जिल्लाका ३७६ स्वास्थ्य संस्थालाई ३ अर्ब ५६ करोड ८ लाख ९४ हजार ९६० रुपैयाँ ६९ पैसा भुक्तानी गरिएको छ ।

स्वास्थ्य बीमा कार्यक्रमको २०८२ माघ र फागुन महिनाको सेवाबापत स्वास्थ्य संस्थाहरूलाई उक्त रकम भुक्तानी गरिएको हो। भुक्तानी पाउनेमा सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, नगर अस्पताल, आँखा अस्पताल तथा निजी तथा शिक्षण अस्पतालसमेत छन् ।

भुक्तानी विवरणमा ठूला अस्पतालसँगै दुर्गम तथा ग्रामीण क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत अस्पताल र जिल्ला अस्पतालहरू लगायत सबै सेवा प्रदायक समेटिएका छन् ।

**अध्यात्ममार्फत...**एकताका लागि ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले थालेको अभियानको प्रशंसा गर्दै सफलताको शुभकामना दिए ।

ब्रह्मकुमारी राजयोग सेवा केन्द्र बिर्तामोडकी प्रमुख ब्रह्मकुमारी पूर्णिमाको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण ब्रह्मकुमार विवेकले गरेका थिए ।

कार्यक्रममा दमकका समाजसेवी तथा व्यवसायी विक्रमकुमार शाहको परिवारले हालै दिवंगत भएकी उनकी आमा परमेश्वरी शाहको स्मृतिमा सहभागीका लागि नास्ता तथा पानीको व्यवस्था गरेको थियो । आयोजकका अनुसार दिवंगत शाहप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारले उक्त सेवा गरेको हो ।

**भदौमा.....**उत्पादन घट्ने र कामको समय व्यवस्थापन गर्न कठिन हुने गुनासो गरेका छन् । अर्कोतर्फ कर्मचारी तथा सर्वसाधारणका लागि धार्मिक तथा सांस्कृतिक पर्वमा बिदा आवश्यक रहेको तर्क पनि छ ।

# सातजना अपहरणकारी पक्राउ

**दुधे/** एकजना झापालीलाई अपहरण गरेर फिरौती माग्ने सातजनालाई प्रहरीले पक्राउ गरेको छ । अपहरणकारीले १८ लाख रुपैयाँ फिरौती मागेका थिए । झापाको शिवसताक्षी १० माईधार घर भई हाल काठमाडौँ २६ मित्रनगर बस्दै आएका नविन रायलाई साउन २८ गते अपरिचित छ जनाको समूहले अपहरण गरेको थियो । त्यसबारे गोप्य सूचना काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयमा प्राप्त भएको थियो ।

प्रहरीले सोही दिन साँझ ६:३० बजे काठमाडौँ नागार्जुन ५ छग्डोलबाट अपहरण भएका रायलाई सकुशल उद्धार गरेको थियो । अपहरणमा संलग्न रामेछाप लिखु तामाकोशीका ३२ वर्षीय मनोज बुढाथोकी, सर्लाही लालबन्दीका २२ वर्षीय जेनिश चौधरी, चितवन राप्तीका २४ वर्षीय अमित ओली, काभ्रेपलान्चोक भुम्लुका २३ वर्षीय देवकुमार श्रेष्ठ, मकवानपुर बाग्मतीका फापरबारीका २० वर्षीय निशान रुम्बा तामाङ, ओखलढुङ्गा लिखुका २४ वर्षीय निमेश कार्की र अर्घाखाची मालारानीका २२ वर्षीय प्रदिप पोखरेललाई पक्राउ गरिएको छ । घटनामा संलग्न उनीहरुलाई थप अनुसन्धान तथा कारबाहीको लागि काठमाडौँ जिल्ला अदालतबाट ६ दिनको म्याद लिई अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

**देउवाकै.....**जनअपेक्षा सम्बोधन गर्न आवश्यक संशोधनका लागि संवैधानिक व्यवस्थाअनुसार नै सम्बन्धित पक्षहरूसँग संवाद गरी निकास खोजिने जनाइएको छ ।

भेलामा प्राप्त विभिन्न सुझाव र प्रस्तावहरूलाई परिमार्जनसहित अन्तिम रूप दिने जिम्मेवारी नेता नारायणप्रकाश साउनको संयोजकत्वमा गठन गरिएको समितिलाई दिइएको छ । उक्त समितिमा उमाकान्त चौधरी र सीता राना सदस्य रहेका छन् भने मीनबहादुर विश्वकर्मा र दीपकप्रसाद कुइँकेलले सहयोगीका रूपमा कार्य गर्नेछन् ।

**सर्पदंश.....**ज्यान गुमाएका थिए । आर्थिक वर्ष ०८०/८१ मा दुई तथा ०८१/८२ मा एकजनाले ज्यान गुमाएको प्रहरी तथ्यांकमा उल्लेख छ ।

**पहाडी जिल्लामा उपचार केन्द्र नहुँदा सास्ती**

पहाडी जिल्लामा सर्पदंशको उपचार नहुँदा अन्यत्र जानु पर्दा सास्ती खेप्नु परेको छ । विभिन्न खालका सर्पले टोकेपछि जिल्लामा उपचार हुन नसक्दा अन्यत्र जानु पर्दा सास्ती खेप्नु परेको हो ।

आफूलाई सर्पले टोक्दा जिल्लामा सर्पदंशको उपचार हुन नसकेपछि गाईघाटस्थित नेपाली सेनाको १८ नम्बर बाहिनी पुग्नु परेको घरेलु तथा साना उद्योग कार्यालय खोटाङका प्रमुख भेषराज खत्रीले बताए । उक्त ठाउँमा राम्रो उपचार हुने भए पनि त्यहाँसम्म पुग्नका लागि सास्ती खेप्नु परेको खत्रीको भनाइ छ । खत्रीलाई असार ३२ को राति दिक्तेल बजारमा हिँड्दै गर्दा सर्पले टोकेको थियो ।

खोटाङमा सर्पदंशको संख्या बढ्दो रहेको तथ्याङ्कले देखाएको छ । जिल्ला अस्पताल खोटाङका मेडिकल रेकर्डर नन्दराम घिमिरेका अनुसार वर्षेनी सर्पदंशका विरामी बढ्दै गएका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा १६ महिला र १२ पुरुष गरी २८ जना, आर्थिक वर्ष २०८१/८२ मा १३ महिला, १८ पुरुष गरी ३१ जना र आर्थिक वर्ष २०८२/८३ मा २१ म्हिला र १८ पुरुष गरी ३९ जना सर्पदंशका विरामी जिल्ला अस्पतालमा आएको घिमिरेले बताए । खोटाङमा गुर्बे, हरेउ लगायत जातका कम विशालु सर्पले टोकेको पाइन्छ । पछिल्लो अवधिमा राजगोमन जस्ता विशालु सर्प पहाडमा समेत पाइन थालेपछि जोखिम बढेकाले जिल्लामै सर्पदंश उपचार केन्द्र स्थापना गर्नुपर्ने स्थानीयको माग छ ।

**सहकारी स्थानान्तरण संवन्धि सूचना**

**दमक नगरपालिका वडा नं. ९ स्थित चियादोकानमा कार्यालय स्थापना गरी संचालन हुँदै आएको सेतुमारी कृषि सहकारी संस्था लि. दमक ९ झापाले यहि मिति २०८३ साल भाद्र १ गते सोमबार देखि संस्थाका सम्पूर्ण कारोवारहरु सहित बेसार तथा मलखादहरु समेतको बिक्री दमक ९ स्थित दिलकुनर टोलमा रहेको संस्थाको आफ्नै फार्म सेतुमारी कृषि फार्मबाट संचालन हुने व्यहोरा सम्पूर्ण सबैमा जानकारीका लागि अनुरोध गर्दछु ।**

**सेतुमारी कृषि सहकारी संस्था लि. दमक ९ झापा**

**सम्पर्क नं. ९८५२६७०५५९ (अध्यक्ष), ९८४२६३२४४० (व्यवस्थापक)**

**११ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको **११ औं वार्षिक साधारण सभा** सम्बन्धमा मिति २०८३/०४/३० गते शनिबारको विस्तारीत बैठकको निर्णय अनुसार तपशीलको मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल :**
- मिति : २०८३ असोज ०६ गते मंगलबार ♦ समय : बिहान १०:०० बजे
- स्थान : इन्द्रेणी भवनको सभाहल कमल-५, झापा बसन्तचोक

प्रस्तावहरु:
१. संचालक समितिको तर्फबाट अध्यक्षको वार्षिक प्रतिवेदन र आ व २०८३/०८४ को योजना प्रस्तुत र छलफल गरि पारित गर्ने ।
२. आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदनमाथी छलफल गरि पारित गर्ने ।
३. आर्थिक वर्ष २०८३/०८४ को लेखा परिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।
४. विविध

*नोटः– साधारण सभामा उपस्थित हुने सदस्यलाई मात्र पारवहन बापत खर्च र खाजा खर्च उपलब्ध गराइने छ । उपस्थित नहुने सदस्यलाई यो सुविधा उपलब्ध गराइने छैन ।*

**बस्ती विकास बचत तथा ऋण सहकारी संस्था लि.**
कमल-५, झापा (बसन्तचोक)

**सूचनाको हकः नागरिकको मौलिक अधिकार**

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राखु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com